# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/०८३ को [illegible] बैठक संख्याः- २

मितिः- २०८२।०४।१८ गते आइतबार

बैठक प्रारम्भः- दिउँसो २:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको दोस्रो बैठक निम्न पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसी निम्न अनुसारको निर्णयहरु गरियो ।

| क्र.स. | पद | पदाधिकारीको नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | उपप्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री बुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुदावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं.=वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं.वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीबहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती त्रिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंगा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव | श्री ओमकार प्रसाद न्यौपाने | |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

CamScanner

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८२/०८३ को का.पा. बैठक संख्याः- २

मितिः- २०८२।०४।१८ गते आइतबार | बैठक प्रारम्भः- दिउँसो २:०० बजे

**प्रस्तावहरु**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. करार कार्यविधि सम्बन्धमा ।

३. विज्ञापन सम्बन्धमा ।

४. एम्बुलेन्स सम्बन्धमा ।

५. जग्गा उपयोगका लागि सिफारिस सम्बन्धमा ।

६. विपद सहायता सम्बन्धमा ।

७. विविध

कृष्ण कुमार तामाङ
नगर प्रमुख



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

निर्णयहरु

निर्णय नं. १. प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८२ श्रावण ५ गते बसेको पहिलो कार्यपालिका बैठकको समिक्षा गर्दा सबै प्रस्तावहरु कार्यान्वयनमा गएको व्यहोरा कार्यपालिका बैठकमा समिक्षा गरियो।

निर्णय नं. २. प्रस्ताव नं. २ उपर छलफल गर्दा चैनपुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि,२०७५ लाई समसामयिक रुपमा संशोधन गर्ने पर्ने आवश्यकता देखि उक्त कार्यविधि माथी व्यापक छलफल गरि संशोधन गरियो साथै चैनपुर नगरपालिका सूचना प्रविधि अधिकृत छनौट परिक्षा कार्यविधि,२०८२ माथी छलफल गरि स्वीकृत गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस कार्यालयका लागि कृषि स्नातक अधिकृत स्तर छैटौं -१, पशु चिकित्सक अधिकृत स्तर छैटौं -१, सूचना प्रविधि अधिकृत अधिकृत स्तर छैटौं -१ मनोसामाजिक परामर्शकर्ता सहायक स्तर पाँचौं-१ र उद्यम विकास सहजकर्ता सहायकस्तर चौथौं-१ का लागि यथाशिघ्र विज्ञापनको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस नगरपालिकाको विभिन्न मितिमा भएको लेखापढी बमोजिम चैनपुर प्राथमिक स्वास्थ्य केन्द्रका लागि आवश्यक पर्ने एम्बुलेन्सको राजश्व छुटका लागि कारबाही अगाडी बढि रहेको सन्दर्भमा प्राथमिक स्वास्थ्य केन्द्र चैनपुर संखुवासभा नाममा रहेको को. १ झ. ४७५ को सरकारी एम्बुलेन्सको लगत कट्टा सम्बन्धमा प्रदेश सरकार स्वास्थ्य मन्त्रालय अस्पताल व्यवस्था तथा सुदृढीकरण कोशी प्रदेश विराटनगरको च नं ४६ मिति २०८२।०४।९ मा श्री यातायत व्यवस्था कार्यालय सुनसरीमा एम्बुलेन्सको लगत कट्टा सम्बन्धमा सिफारिस गरिएको पत्र बमोजिम प्राथमिक स्वास्थ्य केन्द्र चैनपुर संखुवासभाको नाममा रहेको को.१ झ. ४७५ एम्बुलेन्स १० वर्ष भन्दा बढी अवधि भएको र नवीकरण समेत नहुने अवस्था भई प्रयोग विहिन रहेको हुँदा उक्त एम्बुलेन्सको दर्ता खारेजी/लगत कट्टा गर्न पत्रुमा विक्रीका लागि इस्टिमेट तयार गराई नियमानुसार लिलाम विक्रीको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । साथै ब्याकहो लोडर को पनि लिलाम विक्रीको प्रक्रिया अगाढी बढाउने निर्णय गरियो

निर्णय नं. ५. प्रस्ताव नं. ५ प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा चैनपुर नगरपालिका वडा नं. ५ मा रहेको पुर्ण कुमारी अधिकारीको कि.नं. ४३८ को पुर्व तर्फ ३०२० वर्ग मिटर आंशिक जग्गा, चैनपुर नगरपालिका वडा नं. ८ मा रहेको चेतनाथ ढकाल १५५, विष्णु खत्री ४४४,मायाँदेवी खड्का ४४६, तोयानाथ ढकाल १५६१ देवेन्द्र बहादुर खड्का १६६ आंशिक जग्गा र चैनपुर नगरपालिका वडा नं. ३ मा रहेको बिरेन्द्र अधिकारीको कि.नं. ६४५ को ७२९ वर्ग मिटर (संशिम कित्ता) र कित्ताहरु जग्गा क्रमश:चैनपुर नगरपालिका कार्यालय अन्तर्गत वडा नं. ५ को खेलमैदानका लाग चैनपुर नगरपालिका वडा नं. ५ को कार्यालय, चैनपुर नगरपालिका वडा नं. ८ को वडा कार्यालय एवं आधारभुत स्वास्थ्य केन्द्र अरुणथान र चैनपुर नगरपालिका वडा नं. ३ को शहरी स्वास्थ्य केन्द्र रातमाटेको भवन निर्माणका लागि शहरी स्वास्थ्य



द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

अधिकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

केन्द्र रातमाटेको कार्यालय र निशुल्क जग्गाप्राप्त गर्न सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनीति, २०८२ को दफा २५ को उपदफा (२) बमोजिम सम्पुर्ण आवश्यक कागजात सहित नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने तथा आवश्यक प्रकिया अगाडी बढाईदिन अनुरोध गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ६.</u> प्रस्ताव नं. ६ प्रस्तुत सम्बन्धमा चैनपुर नगरपालिका वडा नं.-३ स्थित सिद्धकाली मन्दिर छेउमा मिति २०८२ असार ९ गते परेको अविरल वर्षाका कारण पहिरो गई श्री देविन्द्र राम प्रसाद लिम्वु श्री मनबहादुर लिम्वु र श्री रितुवर्ण खनाल समेतको घर जोखिममा रहेको व्यहोराको प्रहरी मुचुल्काको आधारमा तपसिल अनुसारको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| | | | |
|---|---|---|---|
| १. श्री देविन्द्र राम प्रसाद लिम्वु | चैनपुर ३ | रु.६००००। | विपद् व्यवस्थापन |
| २. श्री मनबहादुर लिम्वु | चैनपुर ३ | रु.२५०००। | विपद् व्यवस्थापन |
| ३. श्री रितुवर्ण खनाल | चैनपुर ३ | रु.१५०००। | विपद् व्यवस्थापन |

आधकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

उल्लेखित निर्णयहरु गर्दै आजको बैठक बेलुकी ४:२० बजे यही अन्त्य गरियो।

कृष्ण कुमार तामाङ
नगर प्रमुख



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

CamScanner